नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**धादिङबेशी, धादिङ**

बागमती प्रदेश, नेपाल

## करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८३।०६।२१)

सङ्घीय सशर्ततर्फको मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाकोलागि आवश्यक देहायको योग्यता भएको जनशक्ति खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. **करार सेवामा आवश्यक जनशक्ति विवरण र योग्यताः**

| विज्ञापन नं. | पद, तह | संख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| २-०८३।०८४ | अ.न.मी., चौथों | ३ | रु. ४००।- | •मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. कोर्स उत्तीर्ण। |

२. **दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः** नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

३ **दरखास्त दिने अन्तिम मितिः** सूचना मितिबाट १५ दिनभित्र आवेदन गर्ने अन्तिम मितिमा विदा परेमा सोलगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र।

४ **उमेर हदः** १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।

५ **छनौटको किसिम/आधारः** नीलकण्ठ नगरपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम लिखित परीक्षा र अन्तर्वार्ता हुने। प्रदेश लोकसेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरेको पाठ्यक्रमको विषयवस्तुमा रही ५० पूर्णाङ्कको लिखित परीक्षा। SBA तालिम प्रासलगायत कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३/८४ले तोकेका विषयमा प्राथमिकता दिईनेछ।

६ **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः** नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, तालिमको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

७ **लिखित तथा अन्तर्वार्ता मितिः** पछी सूचना गरिने।

८ **काम गर्नुपर्ने स्थान र कार्यविवरणः** खाल्टे, मुरलीभञ्ज्याङ र धुवाँकोट स्वास्थ्यचौकीमा । २४ सैं घण्टा प्रसुति सेवा सञ्चालन गर्ने लगायत सम्वन्धित पदको लागि तोकिए बमोजिमको कार्यविवरण।

९ **शर्त तथा मापदण्ड तथा पारिश्रमिकः** करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने। करार अवधी २०८४ असार मसान्तसम्म। पारिश्रमिक कार्यालयको नियमानुसार।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

..............

(हरिदत्त कंडेल)

प्रमुख प्रशासकीय अधिकृत